## प्रमुखहरुसँगको वैठकको निर्णय (२०८३ साउन १३ गते)

१. आ.व. २०८३/०८४ का लागि तोकिएका वार्षिक कार्यक्रमहरु तोकिएकै समयमा तोकिएकै गुणस्तरमा सम्पादन गर्ने ।

२. सार्वजनिक सेवा प्राप्तीमा झन्झट भएको, प्रचलित कानुनको पालना गराउनुपर्ने निकाय आफ्नो कर्तव्य पालनामा थप जिम्मेवार हुनुपर्ने, सेवाग्राही मैत्री व्यवहार सेवा प्रदायक संस्थामा कार्यरत राष्ट्र सेवकबाट नहुने गरेको, नियमनकारी निकायका निर्देशनको पालना Real Time मा नहुने गरेको, जिम्मेवारी र जवाफदेहीता वहन गरी सुशासन गर्न उदासिन रहेको भनि तालुक निकायबाट वारम्बार गुनासा र उजुरीको संख्या वढ्दै गएको पाईएकाले सेवा प्रवाहमा सहजताको अनुभूती आम सेवाग्राहीले गर्ने गरी सेवा प्रवाह प्रणालीको सुनिश्चित गर्ने ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौंको च.नं. ६२६९८ मिति २०८३/०३/१६ को निर्णय कार्यान्वयन सम्बन्धी यस जिल्ला स्थित विभिन्न कार्यालयमा कार्यरत कर्मचारीले आ.व.०८१/०८२ मा सम्पत्ति विवरण नवुझाएकोले आ.व. ०८०/०८१ सम्मको रु.५०००।– (पाँच हजार) का दरले र आ.व. ०८१/०८२ देखी रु.१०,०००।– (दश हजार) का दरले जरिवाना अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ को संघीय राजस्व खाता शिर्षक नं. १४३१२ मा जम्मा गराई असुल उपर गर्ने गराउने ।

४. गृह मन्त्रालय योजना, अनुगमन तथा मुल्यांकन शाखाको च.नं. १९ मिति २०८३/०४/०६ को पत्र मार्फत मिति २०८३ श्रावण ४ गतेको सचिव स्तरिय वैठकको सि.नं. १ देखि २२ सम्मका निर्णय जानकारी भयो । आ-आफ्नो कार्यालयसँग सम्बन्धित विषय प्राथमिकता साथ कार्यान्वयन गर्ने ।

५. सम्पूर्ण कार्यालयहरुले आ.व. ०८३/०८४ को लागि प्राप्त वार्षिक विनियोजित बजेट शिर्षक भित्र रही खरिद प्रकृया यथाशिघ्र सुरु गर्ने ।

६. गत आ.व.को लेखा उत्तरदायी अधिकारीले यथासिघ्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखा परिक्षण र महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण गराई वित्तिय उत्तरदायित्व वहन गर्ने ।

७. प्रत्येक वर्ष विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने भएकोले सम्बन्धित कार्यालयले विवरण अद्यावधिक गरी तोकिएको ढाँचामा पठाउने ।

८. विगत केही दिन देखि केही जिल्लाहरुमा धार्मिक सहिष्णुता एवं सामाजिक सद्भावमा गम्भिर खलल पुऱ्याउन सक्ने घटनाहरु घटेको सन्दर्भमा त्यस्ता घटनालाई नियन्त्रण गरी सामाजिक सद्भाव र सहिष्णुता प्रवर्द्धन गर्न आवश्यक देखिएकाले सामाजिक सद्भाव र सहिष्णुता प्रवर्द्धनलाई सबै कार्यालय प्रमुखले अग्रसरता लिई आवश्यक समन्वय एवं सहजिकरण गर्ने ।

०८३/४/१३

प्रमुख जिल्ला अधिकारी